जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक ११ • २०८२ कार्तिक १७ गते सोमवार • 3 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

## जानकी मन्दिरमा मुख्यमन्त्री सौन्दर्यीकरण अभियान अन्तर्गत लगाइएका टायल्सहरु धमाधम फुट्दै

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ कार्तिक



हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र जनकपुरधामस्थित जानकी मन्दिरमा मुख्यमन्त्री सौन्दर्यीकरण अभियान अन्तर्गत लगाइएका करोडौँ मूल्यका टायल धमाधम फुट्न थालेका छन्। वर्षौंदेखि मन्दिरको प्राङ्गणमा रहेको रातो मार्बल हटाएर मधेस प्रदेश सरकारले सौन्दर्यीकरणको नाममा गुणस्तरहीन मार्बल जडान गरेको भन्दै अभियन्ताले प्रश्न उठाउँदै आएका थिए। हाल नयाँ मार्बल ठाउँ-ठाउँमा फुटेपछि मन्दिरको सौन्दर्यमाथि नै दाग लागेकोजस्तो भएको छ।


२०७५ साउन १३ गते तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा रहेको प्रदेश सरकारले जनकपुरधामस्थित जानकी मन्दिरमा सौन्दर्यीकरण अभियान औपचारिक उदघाटन गरेको थियो। सो कार्यक्रममा तत्कालीन भौतिक पूर्वाधारमन्त्री रहेका बहालवाला मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनल पनि सहभागी थिए। जानकी मन्दिरको सौन्दर्यीकरणका लागि प्रदेश सरकारले ७ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेको थियो। यो परियोजना प्रदेश सरकारको पहिलो ठुलो विकास कार्यक्रम भएको भन्दै तत्कालीन मुख्यमन्त्री राउतले आवश्यक परे थप रकम प्रदेश सरकार आफैँले व्यहोर्ने बताएका थिए। परियोजना अन्तर्गत तीन वटा प्रवेशद्वारको मर्मत सम्भार, मन्दिर परिसरभित्र मार्बल र ग्रेनाइट टायल जडान, लाइटिङ व्यवस्था तथा उत्तर र दक्षिण प्रवेशद्वारमा ‘चरण गंगा’ निर्माण गर्ने योजना थियो। यसका लागि आर.जे. रञ्जन कम्पनीलाई ठेक्का दिइएको थियो। तर सौन्दर्यीकरणको काम सुरु हुनासाथ स्थानीय युवाले निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तरबारे गम्भीर आपत्ति जनाए। उनीहरूले न्यूनस्तरका मार्बल र टायल प्रयोग भइरहेको भन्दै कार्यस्थलमै विरोध प्रदर्शन गरेका थिए। जसका कारण केही समय काम रोकिएको थियो। युवाहरूका अगुवा सरोज मिश्रले पुरातत्व विभागका कर्मचारी र ठेकदारबिचको मिलेमतोमा गुणस्तरहीन काम भइरहेको आरोप लगाउँदै निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएसम्म कार्य अघि नबढाउने चेतावनी दिएका थिए। व्यापक विरोधका बाबजुद मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन इन्जिनियर भगवान झाले काम सम्पन्न भएको घोषणा गरेका थिए। जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले आफू सुरुदेखि नै नयाँ मार्बलको विरोधमा रहेको बताए। उनले मन्दिरमा रहेको रातो मार्बल हटाएर नयाँ मार्बल जडान गर्नु नै गलत रहेको दाबी गरे। आफ्नै उत्तराधिकारी महन्थ रामरोशन दासको अगुवाइमा पुरानो मार्बल हटाएर नयाँ लगाइएको उनको आरोप छ। तर महन्थ रामतपेश्वर दासका उत्तराधिकारी महन्थ रामरोशन दास भने ठेकदारले मन्दिरसँग भएको सम्झौताविपरीत काम गरेको आरोप लगाउँछन्। उनका अनुसार मन्दिरमा पहिले रातो मार्बल थियो, तर ठेकदारले जबरजस्ती सेतो (ह्वाइट) मार्बल जडान गरेको हो। उनले भने, ‘जानकी मन्दिरको सौन्दर्यीकरणका विषयमा सबै दलका संसदीय दलका नेता, सेना, प्रहरी लगायतको सर्वदलीय बैठक बसेर मन्दिरको मौलिकता नष्ट नहुने गरी सौन्दर्यीकरण गर्ने निर्णय भएको थियो, तर सो अनुसार काम भएन।’

रामरोशन दासका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका इन्जिनियर भगवान झालाई रातो ग्रेनाइट जडान गरिएको मन्दिरमा रातै प्रयोग गर्नुपर्छ भनेर बारम्बार आग्रह गरिएको थियो। इन्जिनियर झाले ‘पुरातत्व विभागको निर्देशनअनुसार सेतो मार्बल जडान गर्नुपर्ने’ भनेर जबाफ दिएपछि आफ्नो केही नलागेको महन्थ रामरोशन दासले प्रस्ट पारे। उनका अनुसार मन्दिरमा २८ एमएम मोटाइको मार्बल प्रयोग गर्नुपर्नेमा १४ एमएमको मात्र, त्यो पनि न्यून गुणस्तरको मार्बल प्रयोग गरिएको थियो। आफूले पटक-पटक विरोध जनाए पनि जबर्जस्ती काम पूरा गरिएको भन्दै यसमा आफ्नो कुनै दोष नरहेको उनले स्पष्ट पारे। बिहीबार जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले जानकी मन्दिरमा फुटेका मार्बल/टायलको स्थलगत अनुगमन गरेका छन्।

## बसले अटो रिक्सालाई ठक्कर दिँदा ४ जनाको मृत्यु २ जना बालबालिका गम्भीर घाइते

जलेश्वरटुडे समाचारदाता
धनुषा, १६ कार्तिक





धनुषाको बिरेन्द्र बजारमा यात्रुबाहक बसले अटो रिक्सालाई ठक्कर दिँदा एक महिलासहित चार जनाको मृत्यु भएको छ। अन्य दुईजना बालबालिका गम्भीर घाइते भएका छन्। मृत्यु हुनेहरूमा गणेशमान चारनाथ नगरपालिका १ भरतपुरका अन्दाजी ४० वर्षीय रिक्साचालक डम्बर राई, यात्रुहरु स्थानीय अन्दाजी ४० वर्षीय धनबहादु पुर्वछाने मगर, ३५ वर्षीय सम्भु पुर्वछाने मगर र ३५ वर्षीय निशा मगर रहेको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए।

दुर्घटनामा पर्नेमा रिक्साचालक बाहेक अन्य सबै एकै परिवारको रहेको बुझिएको छ। प्रहरी निरीक्षक तोसीका अनुसार शनिबार साँझ करिब ७ बजेतिर पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका वार्ड नं१ वीरेन्द्र बजार स्थित बिराटनगर धनगढी जाँदै गरेको सु.प्र ०१-००१ ख ३२८८ नम्बरको बसले विपरी दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ ह १२३० नम्बरको अटोलाई ठक्कर दिएको थियो। दुर्घटनामा १४ वर्षका सितल मगर र ९ वर्षका रोशन मगर गम्भीर घाइते भएका छन्।

उनीहरूको जनकपुरधाम स्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

बिपद्का पूर्व तयारी गरौं ।
भूकम्प, बाढी, पहिरो, डुबान, आगलगी, हावाहुरी, चट्याङजस्ता विपद्जन्य जोखिमबाट जोगिनः
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामाग्री (खानेपानी, औषधी, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा बिपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं - आधिकारीक जानकारीमा मात्र भर परौं।
बिपद् रोक्न सकिँदैन, पुर्व तयारी गरे क्षति घटाउन सकिन्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड




# आन्दोलनको अन्त हालको आवश्यकता

*नेपालको युनियन आन्दोलन अहिले पुस्तान्तरणको चरणमा रहेको देखिन्छ। युवा र डिजिटल पुस्ताका श्रमिकहरूको सोच र कार्यशैली फरक रहेको देखिन्छ। उनीहरू पारम्परिक नेतृत्वभन्दा परिणाम, पारदर्शिता र सामाजिक न्यायमा बढी केन्द्रित देखिएको छ। उनीहरूलाई दलमा आबद्ध रहेका युनियनभन्दा स्वतन्त्र र मुद्दा-आधारित युनियन मन पर्छ। साथै, सञ्चारको स्वरूप पनि बदलिइरहेको देखिन्छ। अब युनियनहरूले फेसबुक, ट्विटर, टिकटक, युट्युब, अनलाइन सर्भे र भर्चुअल मिटिङ जस्ता माध्यम प्रयोग गर्ने क्षमता विकास गर्नैपर्छ। युनियनको एजेन्डा पनि अब केवल पारिश्रमिक वृद्धिमा सीमित छैन; मानसिक स्वास्थ्य, कार्य-जीवन सन्तुलन, डिजिटल अधिकार र वातावरणीय न्यायजस्ता विषय पनि यसमा समावेश हुन थालेको देखिन्छ।*

*नयाँ परिवर्तित सन्दर्भमा युनियनहरूले आफूलाई आधुनिकीकरण, लोकतान्त्रिकरण र डिजिटल रूपान्तरणतर्फ उन्मुख गर्न आवश्यक छ। यसका लागि केही रणनीतिक दिशानिर्देशहरू अति आवश्यक रहेको देखिन्छ। पहिलो, संगठनात्मक संरचना र नेतृत्वमा सुधार गर्दै युवा तथा डिजिटल श्रमिक डेस्क स्थापना गर्नुपर्छ। दोस्रो, युनियनहरूले आफ्नो सूचना प्रणाली, सदस्यता प्रक्रिया र सञ्चार माध्यमलाई डिजिटल बनाउनु आवश्यक देखिन्छ। तेस्रो, आन्तरिक पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न वित्तीय प्रतिवेदन, वार्षिक रिपोर्ट र आचारसंहिता सार्वजनिक आवश्यकता रहेको देखिन्छ। अन्तमा नेपालको युनियन आन्दोलन अहिले पुस्तान्तरणको चरणमा रहेकोलाई अन्त गर्न हालको आवश्यता रहेको देखिन्छ।*

# बहु सांस्कृतिक कला केन्द्रद्वारा समा-चकेवा प्रतियोगिताको आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ कार्तिक**

गौशाला नगरपालिका-४ रजखोर (पछबरिया टोल) स्थित गौशाला बहु सांस्कृतिक कला केन्द्रले समा-चकेवा प्रतियोगिता आयोजना गर्ने भएको छ।

आगामी कार्तिक १८ गते बेलुका ६ बजे हुने प्रतियोगिताले स्थानीय परम्परा जगेर्ना र सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने उद्देश्य राखेको



आयोजक संस्थाले जानकारी दिएको छ। प्रतियोगितामा परम्परागत विधिअनुसार समा-चकेवा खेल प्रस्तुत गर्नुपर्नेछ। विजयी समूहलाई क्रमशः प्रथम पुरस्कार नगद ३ हजार रुपैयाँ, द्वितीय पुरस्कार २ हजार रुपैयाँ, तृतीय पुरस्कार १ हजार रुपैयाँ तथा प्रशंसापत्र प्रदान गरिनेछ।

प्रतियोगितामा सहभागी हुन चाहने समूहले मंसिर १७ गते बिहान १० बजेभित्र नाम दर्ता गराउनुपर्नेछ। नाम दर्ताका लागि ९८१७८७७१८ र ९८२४८९४४५६ नम्बरमा सम्पर्क गर्न सकिने आयोजकले जनाएको छ।


जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२ स्थित सत्यम भेनियर एण्ड प्लाईवुड उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२ स्थित सत्यम भेनियर एण्ड प्लाईवुड उद्योगले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- सत्यम भेनियर एण्ड प्लाईवुड उद्योग<br>ठेगानाः- क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२, धनुषा<br>सम्पर्क नंः- ९८२७७४४५१३५ |
| प्रस्तावको ब्यहोरा : | क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२ धनुषाको ३९ र ९७ को कुल क्षेत्रफल ०-१२-८-४ (बि.-क.-धु.) भएको जग्गामा स्थापना भई संचालन हुने सत्यम भेनियर एण्ड प्लाईवुड उद्योगको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | क्षिरेश्वरनाथ नगरपालिका<br>०२ नं. वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- सत्यम भेनियर एण्ड प्लाईवुड उद्योग<br>ठेगानाः- क्षिरेश्वरनाथ नगरपालिका वार्ड नं.-०२, धनुषा<br>सम्पर्क नंः- ९८२७७४४५१३५ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |


## तपाईको टुडे

मेषः शुभ कार्यको शुरुवात
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः अशुभ समाचार प्राप्त हुने
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः आम्दानी हुने
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः लामो यात्राको योग छ
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः मनमा पछुतो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# भेनेजुएलामा सैन्य आक्रमणको योजना ट्रम्पद्वारा अस्वीकार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ कार्तिक



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाभित्र लागुऔषध तस्करी नियन्त्रण गर्नका लागि अमेरिकी सैन्य आक्रमण गर्ने कुनै पनि योजनालाई स्पष्ट रूपमा अस्वीकार गरेका छन्।

भेनेजुएलामा कोकेन उत्पादन केन्द्र र तस्करी मार्गहरूलाई लक्षित गर्ने अमेरिकी योजना तयार भइरहेको भन्ने रिपोर्टहरू सार्वजनिक भएपछि उनको यो अभिव्यक्ति आएको हो। पत्रकारहरूले रिपोर्टहरू सत्य हुन् कि होइनन् भनी सोधेको प्रश्नमा राष्ट्रपति ट्रम्पले संक्षेपमा "होइन, यो सत्य होइन" भन्दै जवाफ दिए। राष्ट्रपति ट्रम्पको यो भनाइ युएसएस जेराल्ड आर फोर्ड नामक अत्याधुनिक विमानवाहक समूहलाई गत हप्ता अमेरिकी युद्धमन्त्री पिट हेगसेथले युरोपबाट क्यारिबियन क्षेत्रतर्फ सर्न आदेश दिएपछि आएको हो, जसले गर्दा अमेरिकी सैन्य गतिविधि भेनेजुएलासँग सम्बन्धित हुनसक्ने अड्कलहरू बढेका थिए। यसअघि सिनेटर लिन्डसे ग्राहमले पनि भेनेजुएलामाथि सम्भावित भूमि आक्रमणलाई 'वास्तविक विकल्प' भन्दै चेतावनी दिएका थिए र वासिङ्टनले नार्को-तस्करी सञ्जालहरू विरुद्धको अभियानलाई सशक्त बनाउन खोजेको बताएका थिए।

यसैबीच, अमेरिकाले पछिल्ला हप्ताहरूमा क्यारिबियन र प्रशान्त क्षेत्रका समुद्री मार्गहरूमा लागुऔषध तस्करीमा संलग्न भनिएका डुङ्गाहरूमा हवाई आक्रमणलाई निरन्तरता दिइरहेको छ। बुधबार मात्रै पूर्वी प्रशान्त क्षेत्रमा भएको पछिल्लो हवाई आक्रमणमा लागुऔषध बोकिरहेको एउटा डुङ्गा लक्षित गरिएको र जसमा चार व्यक्तिको मृत्यु भएको युद्धमन्त्री हेगसेथले जानकारी दिए। सेप्टेम्बरको सुरुदेखि यो १४औँ हवाई प्रहार हो, जसबाट अहिलेसम्म कम्तीमा ६१ जनाको मृत्यु भइसकेको छ। यस घटनाक्रमप्रति संयुक्त राष्ट्रसङ्घले गम्भीर चासो व्यक्त गरेको छ।

# चलचित्र 'धागो'को ट्रेलर सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ कार्तिक



चलचित्र 'धागो'को ट्रेलर आइतबार सार्वजनिक गरिएको छ। ट्रेलरले चलचित्रको मूल भावलाई प्रस्ट्याएको छ, जसमा परिवारभित्रको भावनात्मक सम्बन्ध, आर्थिक कठिनाइले निम्त्याएका दैनिक समस्याहरू र सामाजिक दुरावस्थाको सङ्घर्षको मार्मिक चित्रण गरेको छ।

ट्रेलरमा मुख्य गरी परिवारमा रहेको आर्थिक समस्याका कारण सिर्जित दैनिक समस्याहरू र त्यससँग जुध्न गरिएको सङ्घर्ष देखाइएको छ। उदिप राणा थापा निर्देशित फिल्म नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली परिवारहरूको जीवन, सांस्कृतिक सम्बन्ध र आपसी भावनात्मक कथामा बनेको हो। एक परिवारभित्र सम्बन्धको धागो कमजोर भएपछि उत्पन्न हुने संवेदनशील परिस्थितिलाई चलचित्रलाई प्रतिबिम्बित गर्ने निर्देशकले बताए।

चलचित्र अभिनेत्री सुरक्षा पन्तको प्रमुख भूमिका रहेको छ भने उनीसँगै प्रभात थापा, सुरभि थापा, बुद्धि तामाङ, सुनिल थापा लगायतका कलाकारको अभिनय रहेको छ। अभिनेत्री वर्षा राउत विशेष केमियो भूमिकामा रहेकी छन्। चलचित्र म्याग्नेट इन्टरटेन्मेन्ट प्रोडक्शन हाउसको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता उमा थापा, उत्तम थापा र उदिप थापा हुन्। फिल्मको छायाङ्कन निर्देशन बलिउडका अनिकेर एम. घोघले रहेका छन्। 'धागो' आगामी कार्तिक २८ गते (नोभेम्बर १४) मा नेपाल र भारतका हलहरूमा एकसाथ रिलिज हुने तयारीमा छ। नेपालमा यसलाई आरआर फिल्म्सले

# महिला क्रिकेटले नयाँ विश्वविजेता पाउँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ कार्तिक




महिला एकदिवसीय क्रिकेटको इतिहासमा पहिलोपटक न त अष्ट्रेलिया वा इंग्ल्यान्ड फाइनलमा छन्। यस पटकको विश्वकपले नयाँ विश्वविजेता पाउने निश्चित भइसकेको छ, जहाँ भारत र दक्षिण अफ्रिका आइतबार नवी मुम्बईस्थित डीवाई पाटिल स्टेडियममा उपाधि भिडन्तका लागि आमनेसामने हुँदै छन्। गएको दशकमा धेरै चुनौती पार गरेका यी दुई टिमले यस पटक पनि कठिन परिस्थितिमा उत्कृष्ट पुनरागमन गरेका छन्। दक्षिण अफ्रिकाले समूह चरणमा ६९ र ९७ रनमै अलआउट हुने लज्जास्पद हारपछि आफूलाई पुनः स्थापित गरेको छ भने भारतले अंकतालिकामा शीर्ष तीन टोलीलाई नहराई पनि सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो। सेमिफाइनलमा भारतले घरेलु दर्शकको उत्साहबीच अष्ट्रेलियालाई हरायो भने दक्षिण अफ्रिकाले इंग्ल्यान्ड विरुद्धको 'हूडू' तोड्दै फाइनलमा स्थान बनायो। यसपटकको फाइनलले महिला क्रिकेटमा नयाँ अध्याय खोल्ने अपेक्षा गरिएको छ। दक्षिण अफ्रिकाका ननकुलुलेको म्लाबा र भारतकी क्रान्ति गौड जस्ता खेलाडीहरूका संघर्षमय यात्राले युवा पुस्तालाई प्रेरित गर्ने देखिन्छ।

# आइतबारका लागि विदेशी मुद्राको विनिमयदर यस्तो




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ कार्तिक

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७३ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३३ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६४ रुपैयाँ र बिक्रीदर १६४ रुपैयाँ ६९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८६ रुपैयाँ १९ पैसा र बिक्रीदर १८६ रुपैयाँ ९८ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १७६ रुपैयाँ ६३ पैसा र बिक्रीदर १७७ रुपैयाँ ३८ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ७५ पैसा र बिक्रीदर ९३ रुपैयाँ १४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ १५ पैसा र बिक्रीदर १०१ रुपैयाँ ५८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ९७ पैसा र बिक्रीदर १०९ रुपैयाँ ४३ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २० पैसा र बिक्रीदर नौ रुपैयाँ २४ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९२ पैसा र बिक्रीदर २० रुपैयाँ ०१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०५ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ३९ पैसा र बिक्रीदर चार रुपैयाँ ४१ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३३ रुपैयाँ ९९ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ९३ पैसा र बिक्रीदर नौ रुपैयाँ ९७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ र बिक्रीदर १५ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ९६ पैसा र बिक्रीदर २२ रुपैयाँ ०५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ २४ पैसा र बिक्रीदर १८ रुपैयाँ ३२ पैसा, कुवेती दिनार एकको खरिददर ४६१ रुपैयाँ ८३ पैसा र बिक्रीदर ४६३ रुपैयाँ ७८ पैसा, बहराइन दिनार एकको खरिददर ३७५ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७७ रुपैयाँ ५६ पैसा, ओमनी रियाल एकको खरिददर ३६८ रुपैयाँ १२ पैसा र बिक्रीदर ३६९ रुपैयाँ ६७ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।


जिल्ला धनुषा हंसपुर नगरपालिका वार्ड नं.-०३ स्थित त्रिशक्ति भेनियर उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला हंसपुर नगरपालिका वार्ड नं.-०३, कठपुल्ला स्थित त्रिशक्ति भेनियर उद्योगले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- त्रिशक्ति भेनियर उद्योग<br>ठेगानाः- हंसपुर नगरपालिका वार्ड नं.-०३, धनुषा<br>सम्पर्क नंः- ९८२७८३२६२६ |
| प्रस्तावको ब्यहोरा : | हंसपुर नगरपालिका वार्ड नं.-०३, कठपुल्लाको ३२९८, ३६१ र १९९ को कुल क्षेत्रफल ०-२-९-० (वि.-क.-धु.) भएको जग्गामा स्थापना भई संचालन हुने त्रिशक्ति भेनियर उद्योगको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | जिल्ला धनुषा हंसपुर नगरपालिका वार्ड नं.-०३, कठपुल्ला |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | हंसपुर नगरपालिका<br>०३ नं. वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- त्रिशक्ति भेनियर उद्योग<br>ठेगानाः- हंसपुर नगरपालिका वार्ड नं.-०३, धनुषा<br>सम्पर्क नंः- ९८२७८३२६२६ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

# फेरि पनि उठ्नेछौं

-विभेदरहित समाजको परिकल्पना र जनताको अधिकार संरक्षण गर्न संविधानको निर्माण गरिएको हो । संविधान केवल देशको मूल कानुन मात्र होइन, गरिब, निमुखा र पीडितहरूको बाँच्ने आधार पनि हो । नेताहरूले आफूलाई भगवान्कै दर्जामा राखेर विभेदको साम्राज्य खडा गरे । अन्यायको थिति बसाए । शक्तिको उन्मादमा मात्तिएका बुज्रुकहरूले जनताको ढाडमा टेकेर नाङ्गो नाच देखाए । अझै पनि समाजलाई दिग्भ्रमित पार्ने प्रपञ्च रचिरहेका छन् । अब भने युवाहरू ब्युँझिएका छन् । समाजको श्रुतिबिम्बबाट समानता, एकता र भाइचारा अगाडि बढाउँदै संविधान रक्षाका खातिर हामी ज्यानकै बलि दिएर हिँडिसकेका छौं ।

देश र जनताको भावनाभन्दा माथि अरू केही छैन । विभेदरहित समाजको परिकल्पना र जनताको अधिकार संरक्षण गर्न संविधानको निर्माण गरिएको हो । संविधान केवल देशको मूल कानुन मात्र होइन, गरिब, निमुखा र पीडितहरूको बाँच्ने आधार पनि हो । कुनै बेला विकासको दाँजोमा हाम्रै हाराहारीमा रहेका देशहरू आज शिखरमा पुगिसकेका छन् । उदाहरण कोरिया हो । विकासको तीव्र गतिको सम्भावनालाई जापानको उदाहरणबाट हेर्न सकिन्छ । जापानका ठूला भनिने सहरहरू हिरोसिमा र नागासाकीमा कुनै बेला एटम बम प्रहार गरिएको थियो । हजारौं मानिसको निधन भएको थियो । भौतिक संरचनालाई करिब शून्यमा पुऱ्याइएको थियो । हिरोसिमा र नागासाकीले भौगोलिक बनावट मात्र गुमाएन, हजारौंहजार फक्रिँदै गरेका नयाँ सपनाका बीउ पनि गुमाए । तर कुशल नेतृत्वका कारण देशको मुहार फेरियो ।

विनाश र विकास एउटा सिक्काका दुई पाटा हुन् भन्ने मनन गर्दै अगाडि बढे नेपाल पनि स्वर्ग बन्न धेरै बेर लाग्दैन । आखिर हामीले समातेको डोरी कहाँ कमजोर भयो ? हाम्रा पाइला कता लडखडाए ? कस्तुरी खोज्न हिँडेको मृग जस्तै, आफ्नै स्वर्गभूमिलाई चिन्न सकेनौं ।



यसैले त हामी पिल्सिरहेका छौं । छिमेकीबाट दबाइएका छौं । अझ भनौं, वीर गोर्खालीको वजनदार इतिहास नामेट पारिरहेका छौं । रोजगारीका लागि अरूको देशमा अपमान सहनुपर्ने किन भयौं ? हामीले बाटो कहाँ बिरायौं ? यहाँ उत्पादन न्यून छ । उत्पादनलाई जोड दिने परिपाटी छैन । हरेक ठाउँमा घूस र भ्रष्टाचार, हरेक ठाउँमा राजनीतिक घुसपैठ छ । अनि कसरी हुन्छ, विकास ? देश बिगार्ने पनि हामीले नै रोजेका प्रतिनिधि हुन् । हामीद्वारा नै सप्रिनुपर्छ । सप्रिन्छन् पनि । हामी आफैंले आफैंलाई पनि हेर्नुपर्छ । इर्ष्या मात्र भरिएको दिमागले विकास सोच्न सक्दैन । परिवर्तन सोच्न सक्दैन । सबैभन्दा पहिले हामी आफैंले आफैंलाई बदल्नुपर्छ । भनिन्छ नि, एक प्रतिबद्धताले दस प्रतिबद्धता जन्माउँछ, दसले सय, सयले हजार, अनि हजार प्रतिबद्धताले परिवर्तन ल्याउँछ । हामी देश विकासका लागि परिश्रम बेच्न चाहन्छौं, आफ्नै मातृभूमिमा दस औंला खियाउन चाहन्छौं । जसरी पुर्खाले देशलाई विश्वमा चिनाए, हामी नयाँ पहिचान थप्न चाहन्छौं । प्राकृतिक सुन्दरताले भरिएको यो देशलाई संसारले माया साट्ने मनोरम स्थान बनाउन चाहन्छौं । लाखौं पर्यटक भित्र्याएर अर्बौं आम्दानी गर्न चाहन्छौं ।

२३ र २४ भदौको आन्दोलनले विध्वंस मात्र मच्चाएन, भ्रष्ट र कलंकहरूको सातो पनि लगेको छ । अर्बौंको क्षति भएको, दर्दनाक मानवीय क्षति भएको यी चक्षुबाट ओभाएको छैन । देशले मलम खोजेको छ । सहारा खोजेको छ । हिमाल जस्तै अडिग रहन बलियो आधार खोजेको छ । हामी लडेका हौं, मरेका छैनौं । सहिदहरूको पनि हिसाबकिताब हुनेछ, शंका छैन । अब हामी नेपालभर उत्पादनलाई प्राथमिकता दिन चाहन्छौं । पर्यटन प्रवर्द्धन र विकास गर्न चाहन्छौं । देशलाई स्विट्जरल्यान्ड बनाउनु छैन, अमेरिका वा चीन बनाउनु छैन । नेपाललाई नेपाल जस्तै बनाउनु छ । विश्वले भनोस्, एक दिन हामी पनि नेपाल जस्तै बन्नेछौं । अग्रजले आर्जेको देशलाई बिग्रन नदिई भावी पुस्तामा सुम्पिनु छ ।

सहिष्णुता र मानवताको धर्म सिकाउनु छ । कुर्सी र सत्ताका लागि लड्नु छैन । समय बितेको छैन, बादलले घाम छेक्दैमा दिन सकियो कहाँ भन्न सकिन्छ र ? विकासका आगामी दिनहरूमा हजारौं क्रान्ति हुनेछन् । फेरि पनि महाभारत हुनेछ । पापका विरुद्ध धर्मकै जित हुनेछ ।

साभार : कान्तिपुर ।


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१।०२।२१ मा प्रा.लि.नं.३३३८८२२/०८०/०८१ मा दर्ता भएको **आर.आर.हौंलडगं ग्रुप प्रा.लि.** को मिति २०८२।०१।२५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले १ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर** : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)

सम्पर्क नं.: ९८४११४१६१७




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




### "पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: ढिलीप कुमार साह :-

मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday